**Journal of Bhuwanishankar (JoBS)**
**A Peer Reviewed Research Journal**
ISSN: 2961-1938 (Print), 2961-1946 (Online)

# संवेदनाको समायोग निबन्धमा निजात्मकता

**सुधा शर्मा***
poudelsudha480@gmail.com

Received: July 29, 2023 Accepted: September 5, 2022

**सार**

*प्रस्तुत आलेख ज्ञानु अधिकारीद्वारा रचित 'संवेदनाको समायोग निबन्धमा निजात्मकता' को विश्लेषणमा केन्द्रित रहेको छ । प्रस्तुत लेख मुख्यतया पुस्तकालयीय कार्यबाट सामग्रीको सङ्कलन गरी तयार गरिएको छ । निबन्धको विश्लेषणका लागि निजात्मकताको सिद्धान्त यसमा सैद्धान्तिक रूपमा रहेको छ र यसै सैद्धान्तिक पृष्ठभूमिमा केन्द्रित रही निजात्मकतालाई विषय र आधार बनाएर प्रस्तुत गरिएको छ । मूलतः गुणात्मक प्रकृतिको अनुसन्धानमा आधारित रहेको यस लेखमा विवेच्य निबन्धमा प्रयुक्त कथ्य र निबन्धकारका चिन्तनको विश्लेषण गर्नु सान्दर्भिक रहेको देखिन्छ र यसमा निबन्धका सैद्धान्तिक मान्यतामा केन्द्रित रही निजात्मकतालाई विषय बनाएर प्रस्तुत गरिएको छ । विषय विश्लेषणका लागि आवश्यकताअनुसार निगमनात्मक र आगमनात्मक दुवै विधिको अवलम्बन गरेर निबन्धका विविध शैलीमध्ये निजात्मकतालाई आधार बनाएर यसभित्र आख्यानात्मकता, निजी अनुभूतिको आत्मप्रस्फुटन, हृदय पक्ष र अस्तित्वको प्रबलता, अनुभूतिपरकताजस्ता कुरालाई हेरिएको छ र यसै आधारमा विश्लेषण गरिएको छ । निबन्धकारका अनुभूति आत्मप्रकटीकरण गर्ने क्रममा नारीसंवेदना, अस्तित्व, चुनौती, समाज र सामाजिक संरचना, जीवनजगत्का भोगाइजस्ता विचारको राम्रो निरूपण पाइन्छ । यहाँ आख्यानका दृष्टिले यो निबन्धमा समय व्यवस्थापन कला, इतिहास, पठनसंस्कृति एवम् बजारीकरणमा भन्दा साहित्यको विकासमा जोड दिनुपर्ने, मातृत्व, स्वअस्तित्व, स्वपहिचान महत्त्वपूर्ण हुने निजी अनुभूतिका पक्ष सबल रहेको, आत्मसाक्षात्कार नै परमानन्द भएकाले यथार्थमा रमाउनुपर्ने हृदय पक्ष र अस्तित्व पक्षको प्रबलता रहेका छन् र निजात्मकताभित्र अनुभूतिपरकताका दृष्टिले यस निबन्धमा परम्परागत मूल्यमान्यता नै बन्धन भएकाले त्यसलाई चुँडाएर अघि बढ्नुपर्छ भन्ने चिन्तन एवम् सोचाइ सबल रहेको तथा आत्मसम्मानको अभिव्यक्ति, आख्यानात्मकता, भावात्मकता, विचारात्मकता, वैयक्तिकता र संस्मरणात्मकता आदि निजात्मकताका पक्ष सबल रहेका छन् भन्ने निष्कर्ष यहाँ निकालिएको छ ।*

**शब्दकुञ्जी**ः अनुभूति, आख्यानात्मकता, आत्मप्रकटीकरण, निजात्मकता, बौद्धिकता, हार्दिकता

## विषयपरिचय

नेपाली निबन्धको उत्तरवर्ती चरणमा देखापरेकी ज्ञानु अधिकारी (२०३५) आत्मपरक शैलीका प्रभावपूर्ण र कलात्मक निबन्ध लेख्ने स्रष्टा हुन् । निबन्धका विषय र शैलीमा आफ्नो छुट्टै पहिचान बनाएकी अधिकारीको *संवेदनाको समायोग* (२०८०) निबन्धसङ्ग्रह प्रकाशित छ र यो उत्तरवर्ती नेपाली निबन्धमा विशुद्ध आत्मपरक निबन्धसङ्ग्रह हो । उनका *नेपाली नारीसमालोचना परम्परा, प्रवृत्ति र विश्लेषण* (२०६८), *पाश्चात्य साहित्य इतिहास प्रतिभा र प्रवृत्ति* (२०७१), *नारीसाहित्य परम्परा, प्रवृत्ति र विश्लेषण* (२०७१), *समकालीन नेपाली कवितामा पहिचानको स्वर*

** सुधा शर्मा, त्रिवि, डिल्लीबजार कन्या बहुमुखी क्याम्पस, काठमाडौँमा उपप्राध्यापक हुनुहुन्छ ।*

(२०७९) लगायत चौधओटा समालोचनाकृति प्रकाशित छन् । नेपाली समालोचनाका क्षेत्रमा स्थापित अधिकारीको पहिलो निबन्धसङ्ग्रह *संवेदनाको समायोग* (२०८०) नेपाली निबन्धको इतिहासमा पृथक् विषय र शैलीका कारण उल्लेखनीय छ। विशुद्ध आत्मपरक निबन्ध कम लेखिनु, त्यसमाथि पनि नारीस्रष्टाका यस किसिमका कृति कमैमात्र पाठकमाझ आइरहेका सन्दर्भमा यस कृतिले नेपाली आत्मपरक निबन्धपरम्परामा विशिष्टता थप्ने काम गरेको हुँदा यसको विशेष महत्त्व रहेको छ। यस सङ्ग्रहभित्र समसामयिक सन्दर्भ, जीवन र जगत्प्रतिको दृष्टिकोण, वैयक्तिक जीवनका अनुभूति, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, साहित्यिक परिदृश्यको सूक्ष्मविवेचन, मानवीय संवेदना, विशेषगरी नारीसंवेदना, देशप्रेम, आत्मसम्मान, नारीसौन्दर्य, लैङ्गिक विभेद, पितृसत्तात्मक सोच, नारीअस्तित्वको खोजी, सहअस्तित्व आदि विषयवस्तु पाइन्छन् । कलात्मक मूल्य, लालित्यपूर्ण र काव्यात्मक भाषाशैलीको प्रयोग, सूक्तिमयता आदि अनेक पक्षलाई बिम्ब बनाएर निजात्मक शैलीशिल्पका माध्यमबाट प्रस्तुत गर्नु उनको वैशिष्ट्य हो। यी निबन्धमा जीवनका अनुभव र अनुभूतिलाई नजिकैबाट प्रस्तुत गर्ने उनको आफ्नै विशेषता देखिन्छ। *संवेदनाको समायोग* निबन्धसङ्ग्रहका निबन्धहरू निजात्मक छन् र जीवनजगत्का अनुभव र अनुभूतिलाई निजी अनुभूतिसँग गाँसेर केलाएर लेखिएको उत्कृष्ट निबन्धकृतिका रूपमा यस कृतिभित्रका निबन्धलाई लिन सकिन्छ। प्रस्तुत आलेख निबन्धका निजात्मक सैद्धान्तिक मान्यतामा केन्द्रित छ र विश्लेषणको मूल आधार निजात्मकतालाई मानिएको छ। जीवनका अनुभव र अनुभूति प्रस्तुत भएको यस निबन्धकृतिका विविध मान्यताहरूमध्ये निजात्मकताका विविध कोणबाट विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययन *संवेदनाको समायोग* निबन्धमा निजात्मकतामा केन्द्रित भई अध्ययन गर्नु मुख्य समस्या रहेको छ। यस मूल समस्यालाई केलाई वस्तुगत, प्रामाणिक एवम् प्राज्ञिक समाधान गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ। यस *संवेदनाको समायोग* निबन्धमाथि सामान्य पुस्तकसमीक्षा भए पनि निजात्मकताका सैद्धान्तिक कोणबाट अध्ययन नभएकाले त्यसको परिपूर्तिका लागि अध्ययन गर्नु उपयोगी रहेको छ।

**अध्ययनविधि**

पाश्चात्य साहित्यमा विकसित निजात्मकतासम्बन्धी विश्लेषणको खोजी गर्नका निम्ति ज्ञानु अधिकारीको *संवेदनाको समायोग* निबन्धलाई प्राथमिक स्रोतका रूपमा उपयोग गरिएको छ। प्रस्तुत आलेखलाई प्रमाणिक निष्कर्षमा पुऱ्याउनका लागि आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय अध्ययन कार्यबाट गरिएको छ र विश्लेषणका निश्चित ढाँचा अवलम्बन गरिएको छ । यहाँ *संवेदनाको समायोग* निबन्धलाई प्राथमिक स्रोतका रूपमा उपयोग गरिएको छ भने यस अध्ययनका लागि सोद्देश्य नमुना छनोटविधिद्वारा सामग्रीसङ्कलन गरिएको छ । यस निबन्ध कृतिका बारेमा र सम्बद्ध अन्य अध्ययन, समीक्षा, समालोचना, टिप्पणी र सैद्धान्तिक पुस्तक आदिलाई आवश्यकताअनुसार द्वितीयक सामग्रीका रूपमा लिइएको छ। प्रस्तुत आलेखमा निजात्मकताका मान्यतामा रहेर यस निबन्धको विश्लेषण गरिएको छ। *संवेदनाको समायोग* निबन्धमा निजात्मकता अध्ययनका लागि सामग्रीसङ्कलनको मूलस्रोत पुस्तकालय रहेको छ। सङ्कलित सामग्रीको अध्ययनपश्चात् वर्णनात्मक विधिद्वारा विश्लेष्य विषयलाई प्रस्तुत गरिएको छ। यो विशुद्ध सैद्धान्तिक प्रकृतिको विश्लेषणमा केन्द्रित रहेको छ। विषयलाई प्रस्तुत गर्ने क्रममा निबन्धका प्रसङ्गमा निगमनात्मक विधि र तिनको व्याख्या तथा विश्लेषण गर्ने क्रममा आगमनात्मक विधिको प्रयोग गरिएको छ । यो साहित्यको अध्ययनमा आधारित भएकाले गुणात्मक अध्ययनपद्धतिमा आधारित रहेको छ र त्यसमा मूलतः पाठविश्लेषणको निजात्मक पद्धतिको प्रयोग गरिएको छ।

**सैद्धान्तिक पर्याधार**

निबन्ध आख्यानेतर साहित्यको गद्यविधा हो । यसले छरिएर रहेका भावहरूलाई एकै ठाउँमा बाँध्नु भन्ने अर्थ बुझाएको पाइन्छ। संस्कृतको 'बन्ध्' धातुमा 'घञ्' प्रत्यय लागेर 'बन्ध' शब्दको व्युत्पादन हुन्छ र त्यही बन्ध शब्दमा संस्कृतकै 'नि' उपसर्ग लागेपछि 'निबन्ध' शब्दको व्युत्पादन हुन्छ (गौतम, २०७६, पृ. ५०९) । यहाँ नेपालीमा प्रयुक्त निबन्ध शब्द संस्कृत भाषाबाट व्युत्पत्ति भएको हो भनिएको छ। निबन्धको समष्टिगत अर्थ अभिव्यक्तिका लागि सुनियोजित र सुगठित प्रयास गरिएको रचना मानिन्छ। निबन्ध पाश्चात्य साहित्यको उपज हो। साहित्यका चार मूल विधामध्ये एउटा मूल विधा निबन्ध हो (शर्मा, २०६३, पृ. ४८८)। निबन्धले मौलिक विधाको रूप प्राप्त गर्नुअघि यसको अस्तित्व अधिविधाका रूपमा प्रकट भएको थियो (सुवेदी, २०७६, पृ. ३९६) । यहाँ निबन्धले मौलिक स्वरूप प्राप्त गर्नुभन्दा अघि अधिविधाका रूपमा हेरिनेगरेको तथ्यलाई प्रस्तुत गरिएको छ । निबन्धमा अनुभवमा आधारित वैयक्तिक, निजात्मक वा आत्मगत एवम् विशिष्ट भाषाको प्रयोग गरिएको हुन्छ र यसमा नितान्त वैयक्तिकता, निजात्मकता, आत्मप्रकटीकरण, सङ्क्षिप्तता, विषयवस्तुगत स्पष्टता, वैचारिकता, हार्दिकता, बौद्धिकता आदि तत्त्वहरू रहेका हुन्छन् । शैलीगत विविधता, वैयक्तिकता आदि कोणबाट निबन्धलाई अर्थ्याइएको हुन्छ। निबन्धका आत्मपरक र वस्तुपरक दुई रूप हुन्छन्। आत्मपरक निबन्धलाई वैयक्तिक, निजात्मक र व्यक्तिप्रधान पनि भनिन्छ (थापा, २०४७, पृ. १८७) । यहाँ वैयक्तिक, निजात्मक एवम् व्यक्तिप्रधान निबन्ध नै आत्मपरक निबन्ध हो भनिएको छ। यसप्रकारका निबन्धमा व्यक्तिको अनुभूति प्रधान र विषय गौण हुनेहुँदा निबन्धकारको स्वत्व र व्यक्तित्वको प्रबल छाप परेको हुन्छ। निबन्धकारको व्यक्तित्व नै यस्ता निबन्धको मूल आधार हो। यसप्रकारका निबन्धमा जीवनजगत् वा सामाजिक यथार्थको प्रकटीकरण गरिएको हुन्छ र निबन्धकारले आफ्ना विचारलाई तर्कसम्मत र क्रमबद्ध रूपमा प्रस्तुत गरेको हुन्छ। हृदय, भावना वा बुद्धिपक्षले यस्ता निबन्धमा झल्किने व्यक्तित्व र विषयको आधारमा भावात्मक, विचारात्मक र वैयक्तिक गरी विविध प्रकारका रहेका हुन्छन् (ओझा, २०६४, पृ. १९)। यहाँ हृदयपक्ष, भावना र बुद्धिपक्षको प्रबलता हुने निजात्मक निबन्धमा निबन्धकारको निजी व्यक्तित्वको प्रभाव परेको हुन्छ भन्ने मान्यता रहेको छ। आवश्यक र अनावश्यक, सारवान् र सारहीन अनेक तत्त्वबाट जीवन तयार हुनेहुँदा यसलाई विचार गर्ने क्रममा सारतत्त्वको अन्वेषण गरी जीवनका अमूर्तताबाट मूर्तत्वको अन्वेषणमा समष्टि प्रभाव मात्र फेला पार्न सकिन्छ। त्यो पनि अनुभूतिमा मात्र (सुवेदी, २०४९, पृ. ७८) । यहाँ आवश्यक, अनावश्यक, सारवान्, सारहीन यावत् तत्त्वको समष्टि नै जीवन हो र यो अनुभूतिका माध्यमबाट मूर्तरूपमा प्रकट हुन्छ भनिएको छ । अभिव्यक्तिको सामर्थ्यमा लेखन प्रयासको अभावमा विगतका र वर्तमानका भोगाइ, सोचाइ र संस्कारहरू विषयको ज्ञान भए पनि व्यक्त गर्नसक्ने स्थिति रहँदैन। भावसत्यबाट पनि वस्तुसत्यबाट जस्तै जीवनलाई भोग्न सकिन्छ, तर भावसत्यको भोगाइ समष्टि हुन्छ (सुवेदी, २०४९, पृ. ७९)। यसप्रकार अनुभूत पक्षबाट प्राप्त आत्मसन्तोष र त्यसका प्राप्तिहरूको समष्टिबाट प्रकट गर्नसकिने कुरा बताइएको छ। आन्तरिक जीवनका भाव वा जटिलतालाई निबन्धका माध्यमबाट साहित्यकारले बाहिर प्रकट गरेको हुन्छ भन्ने मान्यता यहाँ अभिव्यक्त भएको छ।

**संवेदनाको समायोग निबन्धमा निजात्मकताको स्वरूप**

निबन्धकारका निजी अनुभव र अनुभूति प्रकट हुने निबन्धलाई निजात्मकता भनिन्छ र यसमा लेखकको निजीपन र अनौपचारिकताको प्रधानता रहने हुँदा यसलाई नै वैयक्तिकता पनि भनिएको पाइन्छ। यसमा निबन्धकारका नितान्त

वैयक्तिक अनुभूतिको आत्मप्रस्फुटन भएको हुन्छ । निबन्धकारले जीवनमा भोग्नुपरेका वास्तविकताको प्रस्तुति निबन्धमा गरिएको हुन्छ । *संवेदनाको समायोग* भित्रका निबन्धमा निबन्धकारका आफ्ना निजी जीवनका अनुभव र अनुभूतिहरूलाई नितान्त नवीन ढङ्गले प्रस्तुत गरिएको छ । *संवेदनाको समायोग* विशुद्ध आत्मपरक निबन्धको सङ्ग्रह हो र यस कृतिमा निबन्धकारका आफ्नै वैचारिक चिन्तन अभिव्यक्त भएको पाइन्छ । यस आत्मपरक निबन्धको सङ्गालो *संवेदनाको समायोग* निबन्धसङ्ग्रहभित्रका निबन्धमा फरकफरक विषयसन्दर्भ, जीवनदर्शनका पृथक्पृथक् दृष्टिकोण नै बिम्ब बनेर आएका छन् । यहाँ निबन्धको अन्तर्वस्तुका आधारमा तिनका प्रवृत्ति केलाउनु सान्दर्भिक देखिन्छ ः

**निजात्मकतामा अनुभूतिको सूक्ष्मआख्यानीकरण**

लेखकका अतीतका, तात्कालिक वा केही समयपूर्वका अविस्मरणीय घटनालाई सूक्ष्म आख्यानीकरणका माध्यमबाट प्रस्तुत गरिएको निबन्ध आख्यानात्मक निबन्ध हो । यसमा निबन्धकारका निजी अनुभूतिलाई यथार्थ रूपमा प्रस्तुत गरिएको हुन्छ । यस्ता निबन्धमा आत्मकथात्मक शैलीको प्रयोग गरेर स्वकीय जीवनका महत्त्वपूर्ण क्षण, घटना, भोगाइलाई कलात्मकता प्रदान गरी पाठकसमक्ष प्रस्तुत गरिएको हुन्छ । यसमा 'स्व' को आत्मप्रकटीकरण हुने हुँदा शृङ्खलित रूपमा घटनाहरू अभिव्यक्त भएका हुन्छन् । *संवेदनाको समायोग*का निबन्धमा निबन्धकारले आफ्ना निजी जीवनका अनुभव र अनुभूतिहरूलाई नितान्त नवीन ढङ्गले सूक्ष्मआख्यानीकरण गरेर प्रस्तुत गरेकी छन् । यसको पुष्टि तलका उदाहरणबाट गर्न सकिन्छ ः

> एकजना मान्छेको कीर्तिपुर नयाँबजारबाट बल्खुचोक हुँदै कार्यक्रम स्थलसम्म आइपुग्दाको करिब सवाघण्टाको समयमा सुनेका कुरा र देखिएको क्रियाशीलताले मलाई दङदास बनाइरह्यो एउटा सानो मान्छेको दिमागभित्र कति अटाउन सक्छ ? त्यसको सीमा कति हो ? एउटा निःशुल्क सेवासर्भिसको काउन्टरजस्तो उनी त्यस अवधिभर न त कहिल्यै झोक्किए, न त कसैलाई टार्न नै खोजे, न त झिँजो नै माने । अनवरत धाराप्रवाह उनी हरेकका कुरा तन्मय भएर साथ दिइरहेका थिए ।...
>
> (वाह ! डाक्टरसाहेब !, पृ. ११२)

प्रस्तुत निबन्धांशमा समयको व्यवस्थापनसम्बन्धी धारणा ल्याइएको छ र यसक्रममा व्यस्तताका बाबजुद आफूलाई सक्रिय बनाइराख्ने डाक्टरसाहेबको अद्भूत क्षमतालाई प्रस्तुत गरिएको छ । यहाँ सरल, सहज एवम् मृदुभाषी डाक्टरसाहेबको समय र सामग्रीव्यवस्थापन कलाबाट नयाँ पुस्ताले ज्ञान आर्जन गर्नुपर्ने बताउँदै विद्वान्का यान्त्रिक जीवनले निबन्धकारलाई हैरानी भोग्नुपरेको अनुभूति व्यक्त भएको छ। एउटा मान्छेका दिमागमा कति र केके अटाउने भन्ने कुनै सीमा नभएकाले सवाघण्टाको यात्रामा आफूले भोगेका, देखेका र सुनेका हरेक कुरामा तन्मयका साथ दिइरहेको अद्भुत क्षमता यहाँ अभिव्यक्त भएको छ। यस अंशमा यात्रा अवधिभर बोलीमा सरलपना, शिष्ट स्वभाव, नम्रपूर्ण व्यवहार र गतिशीलता, हाउभाउमा कत्ति पनि परिवर्तन नदेखिएको बताउँदै यन्त्रवत् रूपमा परिचालित डाक्टरसाहेबका क्रियाकलापले आफूलाई आश्चर्यानुभूति भएको निबन्धकारका निजी अनुभूतिलाई स्पष्ट पारिएको छ। यस उद्धहरणमा अनेकौँ समस्याहरूलाई एउटा दिमागले बोकेर हिँडेको देख्दा आफू गुरुका यन्त्रवत् व्यवहारबाट छक्क परेको निबन्धकारको चिन्तन प्रकट भएको छ । यहाँ निबन्धकारले डाक्टरसाहेबसँगको यात्राका क्रममा गरेका निजी भोगाइहरूलाई कथाकारले कथा भनेझैँ निश्छलतापूर्वक प्रस्तुत गरेकी छन् । यसरी नै अनुभूतिको आख्यानीकरणलाई तलको अंशले पनि देखाएको छ ः

> टिस्टासँग यति धेरै संवेदना त्यसै कहाँ जोडिएको हो र ! यससँग त युगौँयुगको नाता गाँसिएको छ। नेपाली जातिको वीरता, हाँसो, आँसु, दुःख, सुख सबैसबैको एक्लो साक्षी हो टिस्टा । शताब्दी-शताब्दीअघि नै आश र तापले छट्पटाउँदैआएका हाम्रा पुर्खालाई सुरक्षित काख र न्यानो स्नेह दिएको छ यसले। त्यतिमात्र कहाँ हो र ! रहस्यमयी यो नदी जसले, कति अभागीहरूका पाखापखेरुलाई पनि आफ्नै गर्भमा चुपचाप लुकाइदिएको छ भने कतिलाई जीवनदर्शन पढाएर आशावादी बनाइदिएको छ। वास्तवमै त्यही नदीको किनारैकिनार लहरै उभिएका बस्तीहरूबाट निस्कने आऽऽमाऽऽ शब्दजस्तै पवित्र र निश्छल लाग्यो मलाई टिस्टासँग जोडिएको मेरो संवेदना।
>
> (टिस्टा नदी मात्र होइन रहेछ, पृ. १७६)

प्रस्तुत निबन्धांशमा टिस्टाको गौरवपूर्ण इतिहास जोडिएको, आत्मीयता गाँसिएको विचार अभिव्यक्त भएको देखिन्छ । यहाँ टिस्टा नेपाल र नेपालीको वीरता, हाँसो, आँसु, दुःख, सुख सबैसबैको एक्लो साक्षी भएकाले टिस्टासँग दुःखदपूर्ण इतिहास र यथार्थ जोडिएको निबन्धकारका धारणा प्रकट भएका छन्। यस अंशमा टिस्टासँगको इतिहासलाई सम्झँदै त्यहाँ नेपाली जातिका कथा, व्यथा, आँसु, पसिना र रगतले लेखिएको गर्विलो इतिहासको साक्षी भएको कुरालाई स्पष्ट पारेको देखिन्छ । उद्धृतांशमा टिस्टा केवल नदी र पानीमात्र होइन हाम्रा पुर्खाका डोबहरू अझै पनि भेटाउन सकिने हुँदा शताब्दियौँदेखिका हाम्रा पुर्खालाई सुरक्षित काख र न्यानो स्पर्श दिएको निबन्धकारभित्रका राष्ट्रवादी वैयक्तिक अनुभूति मुखरित भएको छ । यस उदाहरणमा रहस्यमयी यो नदी नदीमात्र नभएर भाषा, धर्म, परम्परा र रीतिरिवाज एउटै भएकाले हाम्रो भावना गाँसिएको गौरवपूर्ण इतिहासलाई आफ्नै गर्भमा समाहित गरेको, जीवनवादी दर्शन पढाएर आशावादी बन्न उत्प्रेरित गरेको चिन्तन प्रस्तुत भएको छ। निबन्धकारको यो चिन्तन एवम् सोचाइ निजी अनुभूतिका रूपमा अभिव्यक्त भएको पाइन्छ । यहाँ निबन्धकारले टिस्टासँगको अनुभव र अनुभूतिलाई कथाझैँ शृङ्खलित रूपमा घटनाको वर्णनलाई सूक्ष्मआख्यानीकरण गरेकी छन् । यसरी नै यस्तै अनुभूतिलाई तलको अंशले स्पष्ट पारेको देखिन्छ :

> कृतिविमोचन गर्नै नहुने कर्म भनिएको होइन, यसको कर्मकाण्डी र आडम्बरी प्रवृत्तिप्रतिको असन्तुष्टि मात्र हो। यसलाई पनि उपयोगी, ज्ञानमूलक र प्रभावकारी बनाउन सकिन्छ। यत्रो खर्च गरिने पैसाले बरू कृतिको प्रकृति हेरेर केही विज्ञ, केही पाठक, केही पत्रकार तथा केही लेखकहरूलाई राखेर अन्तरक्रिया गर्न सकिन्छ। कृतिको सम्यक् विश्लेषण गर्न सकिन्छ। यस्ता कार्यक्रमबाट लेखकले आफ्नो शक्ति र कमजोरी दुवै थाहा पाओस्  र पछि लेखिने कृतिका लागि फिडब्याक आओस्। यसरी कृतिकारले आफ्नो स्थान कहाँनिर छ थाहा पाउन त आवश्यक हुन्छ तर अनावश्यक हल्लाखल्ला र प्रशंसाबाजी लेखक स्वयंकै लागि पनि घातक हुन्छ।
>
> (विमोचनको अनुष्ठान, पृ. २०३)

प्रस्तुत निबन्धांशमा बजारीकरणका कारण विमोचन भड्किलो बन्दैगएको कुरा देखाइएको छ र यसक्रममा सस्तो लोकप्रियताका कारण पठनसंस्कृतिमा ह्रास हुँदैगएको विचार अभिव्यक्त भएको छ। उद्धृतांशमा कृतिलाई व्यावहारिक, उपयोगी, ज्ञानमूलक र प्रभावकारी बनाउन कृतिको प्रकृति हेरेर विज्ञ, पाठक, पत्रकार तथा लेखकमाझ अन्तरक्रिया गर्न सकिन्छ भन्ने धारणा प्रकट भएको छ । यहाँ परम्परागत मान्यता एवम् सस्तो लोकप्रियताका पछाडि नलागेर

कृतिको सम्यक् विश्लेषण आवश्यक रहेको बताउँदै यसबाट आफ्ना सकारात्मक, नकारात्मक दुवै दृष्टिकोण थाहा पाउन सकिने विचार अभिव्यक्त भएको छ । प्रस्तुत उद्धरणमा सस्तो लोकप्रियताभन्दा पाठकप्रतिक्रिया महत्त्वपूर्ण हुनेभएकाले विमोचनको प्रतिस्पर्धा एवम् बजारीकरणको पछाडि लाग्नुभन्दा साहित्यको विकासमा विशिष्ट योगदान दिने साहित्य सफल हुने निबन्धकारका निजी विचार शृङ्खलित ढङ्गले आत्मकथाका रूपमा अभिव्यक्त भएको छ। यसरी नै अर्कै सन्दर्भको निजात्मक अनुभूतिलाई तलको अंशले देखाएको छ :

> काव्य विधाले लोकप्रियताको उचाइ प्राप्त गर्न नसकेकाले आख्यानले काव्य विधालाई विस्थापित गऱ्यो भन्ने दाबी नेपाली साहित्यका परिप्रेक्ष्यमा गर्ने स्थिति अझै बनिसकेको छैन, तर तुलनात्मक रूपमा साहित्यमा पाठकहरूको सहभागिता बढाउन र पठनसंस्कृतिको निर्माण गर्न आख्यान नै सबैभन्दा प्रभावकारी भएको यथार्थलाई भने स्वीकार गर्नैपर्ने हुन्छ । त्यसैले विशेषतः साठी र सत्तरीको दशकमा नेपाली साहित्यमा आख्यानविधा नयाँ वेग र नयाँ सोचसहित तीव्र हुँदैगएको छ र यसले गर्दा आख्यानमा विविधता पनि मनग्य देखिएको छ । यसरी लेखक तथा पाठकमा आख्यानप्रति रुचि र आकर्षण बढ्नु नेपाली साहित्यको सुखद पक्ष हो ।
>
> (यो आख्यानको समय हो, पृ. २१०)

प्रस्तुत निबन्धांशमा कृति र पाठकलाई जोड्ने सबैभन्दा प्रभावपूर्ण माध्यम आख्यान हो भन्ने कुरा देखाइएको छ। यस अंशमा नेपाली साहित्यमा आख्यानको लहर चलेको हुँदा अन्य विधाभन्दा साहित्यका पाठकहरूको सहभागिता बढाउन र पठनसंस्कृतिको निर्माण गर्न आख्यान विधा सबैभन्दा प्रभावपूर्ण रहेको लेखकीय विचार अनुभूतिका रूपमा प्रस्तुत भएका छन् । उद्धृतांशमा विषयगत विविधता, शैलीशिल्पमा नवीनता देखिएका कारण साठी र सत्तरीको दशक नेपाली साहित्यमा आख्यानको दशक देखिएको निबन्धकारका धारणा प्रकट भएका छन् र आख्यानमा नवीन दृष्टिकोण एवम् सोचका कारण आख्यानप्रति लेखक र पाठकमा रुचि र आकर्षण दिनानुदिन बढ्दै गएकाले यो नेपाली साहित्यका लागि सुखद पक्ष भएको साहित्यिक अनुभूति निबन्धकारका निजी अनुभूतिका रूपमा अभिव्यक्त भएको देखिन्छ। निबन्धकार स्वयम् सर्जक भएको हुँदा पठनसंस्कृतिलाई आत्मकथाकै नजिक रहेर अभिव्यक्त गरेकी छन् । लेखनकै सन्दर्भको अर्को अनुभूति यसप्रकार छ :

> गम्भीर समालोचना लेख्न सजिलो छैन । एउटा गहन समालोचना लेख लेख्न प्रशस्त समय र श्रम खर्च गर्नुपर्ने हुन्छ। त्यसैले पनि यस्ता समालोचना कम लेखिनु स्वाभाविक नै हो । साधना, समर्पण र गम्भीर अध्ययनबाट मात्र समालोचना लेख्न सकिन्छ । लेखिन त समालोचनाका नाममा विविध किसिमका समालोचनाहरू लेखिएका छन् र प्रकाशित पनि भएका छन्, तर नेपाली साहित्यमा एउटा बलियो इतिहास बनाउने काम त्यस्तो समालोचनाले मात्र गर्न सक्छ, जुन गम्भीर अध्ययनमा आधारित भएर प्राज्ञिक किसिमबाट लेखिएको हुन्छ।
>
> (समालोचनाको यात्रामा, पृ. २१६)

प्रस्तुत निबन्धांशमा समालोचकीय धर्म आफैँमा कठिन हुन्छ भन्ने मान्यता ल्याइएको छ र यसक्रममा प्रशस्त श्रम, साधना, समय, समर्पण र गम्भीर अध्ययनबिना उत्कृष्ट समालोचना जन्मिन सक्दैन भन्ने अनुभूतिपरक कुरा देखाइएको छ । प्रस्तुत उद्धरणमा अक्षर र शब्दहरूसँग संवाद गर्नु, कृतिका विविध पक्षमा केन्द्रित भएर त्यसको औचित्य र

कलात्मक मूल्य निरूपण गर्नु समालोचना भएको धारणा व्यक्त गर्दै सिर्जना र समालोचना एकअर्काका अभिन्न अङ्ग भएको विचार प्रस्तुत भएको छ । यस अंशमा समालोचना लेख्न प्रशस्त समय, श्रम खर्च गर्नुपर्नेभएकाले यो जटिल विधा हो त्यसैले साधना, श्रम, समर्पण र गम्भीर अध्ययनबाट मात्र उत्कृष्ट समालोचना जन्मन्छ भन्ने निबन्धकार स्वयम्का समालोचकीय धर्म एवम् वैयक्तिक अनुभूति प्रकट भएको छ। उद्धृतांशमा विविध समालोचना लेखिए पनि तिनले इतिहास बनाउन नसक्नेहुँदा गम्भीर अध्ययनमा आधारित प्राज्ञिक किसिमको समालोचनाले नेपाली साहित्यको बलियो इतिहास निर्माण गर्न सक्छन् भन्ने आफूभित्रका समालोचकीय अनुभूति यहाँ प्रस्तुत भएका छन् । यहाँ निबन्धकारका समालोचकीय दृष्टिकोण एवम् अनुभूति कथा भनेझैं शृङ्खलाबद्ध रूपमा प्रस्तुत भएका छन् ।

**निजी अनुभूतिको आत्मप्रस्फुटन**

लेखकका निजी जीवनका कुराहरू, अनुभव र अनुभूतिहरू प्रस्तुत हुनेहुँदा वैयक्तिकता नै कथाझैं प्रस्तुत भएका हुन्छन् । यसमा निबन्धकारले जीवन भोगाइका क्रममा गरेका अनुभव नितान्त नवीन बनेर पाठकसमक्ष प्रस्तुत गरिएको हुन्छ र निबन्धकारले निबन्धमा जीवनमा भोग्नुपरेका वास्तविकताको उद्घाटन गरेको पाइन्छ । *संवेदनाको समायोग*भित्रका निबन्धमा निबन्धकारका आफ्ना निजी अनुभूतिहरू निबन्धका माध्यमबाट प्रकट भएका छन् र आफ्ना जीवनका अनुभव र अनुभूतिलाई नवीन ढङ्गले प्रस्तुत गरेकी छन् । यसको पुष्टि तलका उदाहरणबाट गर्न सकिन्छ ः

> यतिबेला मलाई असीम पीडा भइरहेछ, मैले तिम्रा कैयौँ सूक्ष्म अनुभूतिहरूलाई अनुभूत गर्न सकिनँ । तिम्रो उत्सुकता र जिज्ञासु नजरले भरिएको भाषालाई धित मरुञ्जेल पढ्न सकिनँ । आमाको काख, आमाको आँचल, आमाको स्पर्श र आमाको सामीप्य संसारको सबैभन्दा प्रिय प्राप्ति हो र तिम्रा यी नैसर्गिक प्राप्तिलाई मैले केही मात्रामा कटौती गरेकी छु। यसको स्वीकारोक्ति गरेर यतिबेला म कम्तीमा पनि एउटी इमानदार आमा बन्न चाहन्छु ।
>
> (के म सफल आमा बन्न सकें ?, पृ. १२)

प्रस्तुत निबन्धांशमा मातृत्वविषयक अनुभूति ल्याएर वर्तमानका आमाहरूको यथार्थ पीडालाई देखाइएको छ । यसक्रममा सृष्टिकी मूल ममतामयी आमाले आफ्ना सन्तानलाई पर्याप्त समय दिन नसकेको पीडानुभूति यहाँ प्रस्तुत भएको छ। यस उद्धरणमा वर्तमानका आमाहरूले आफ्ना सन्तानका लागि पर्याप्त समय दिन नसक्दा तिनका सूक्ष्म अनुभूतिहरूलाई अनुभूत गर्न नसकेको वैचारिक चिन्तन प्रकट भएको छ । उद्धृतांशमा पारिवारिक एवम् पदीय जिम्मेवारी वहन गर्नुपर्दा आफ्ना सन्तानका उत्सुकता र जिज्ञासाले भरिएको मौनताको भाव र भाषालाई आफूले पढ्न, बुझ्न नपाएको अनुभूति अभिव्यक्त भएको छ। यस अंशमा एउटा सन्तानका लागि मातृत्व सर्वोपरि भए पनि बालकको शैशवकालीन जीवनमा न्यानो स्पर्श, सहानुभूति, ममता एवम् सामीप्य प्रदान गर्न आफू सफल हुननसकेको धारणा व्यक्त भएको छ। उसको नैसर्गिक अधिकारलाई हनन गरेको बताउँदै इमानदार आमा बन्ने चाहना हुँदाहुँदै पनि समाजले अक्षम र अबला नारीको संज्ञा दिने डरले आफूले आमा र मानिस दुवै स्थापित गर्न पर्याप्त समय दिननसकेको निबन्धकारका जीवनानुभूतिलाई स्पष्ट सङ्केत गरिएको छ । यसरी नै सन्दर्भको अर्को अनुभूतिलाई तलको अंशले देखाएको छ ः

> यस उमेरसम्म आइपुग्दा उसले औपचारिक तथा अनौपचारिक थुप्रै परीक्षा दिइसकेकी हुन्छे । धेरैपटक व्यावहारिक भुङ्ग्रोमा सेकिइसकेकी हुन्छे । आदर्श, नैतिकता र चरित्रमाथि उठेका अनेकौँ प्रश्नहरूलाई निस्तेज पारिसकेकी हुन्छे र समाजको नजरमा ऊ सायद मान्छे देखिन्छे । हो, त्यसैले त्यस्तो लागिरहेछ, जीवनको मोडमा बल्ल मैले आफैँलाई पाएकी छु ।
>
> (आफैँलाई भेटेपछि, पृ. ८१)

प्रस्तुत निबन्धांशमा स्वअस्तित्व सम्बन्धी मान्यता आएको छ र यसक्रममा आफूले आफूलाई चिन्नु भनेको आत्मसन्तुष्टिको अवस्था हो भन्ने कुरा देखाइएको छ । यस उदाहरणमा नारीले आफूले आफूलाई बुझ्ने उपयुक्त उमेर भनेको जीवनका आधा वसन्तपछि हो भन्ने चिन्तन प्रस्तुत भएको छ । यहाँ जीवनका अनेकौँ व्यवहारले थिचिएर नारीहरू माथि उठ्न नसकेको, आत्मविश्वासका साथ उभिन, बोल्न, हिँड्न र स्वनिर्णय गर्न सङ्घर्ष गर्नुपरेकाले चालीसको उमेर कटेपछि आफूलाई बुझ्न पाएको निबन्धकारका निजी अनुभूति प्रकट भएका छन् । उद्धृतांशमा जीवनको आधा समय कटेपछि उसले औपचारिक, अनौपचारिक सङ्घर्ष एवम् परीक्षा दिइसक्नेभएकाले आफूलाई व्यावहारिक भुङ्ग्रोबाट माथि आइसकेपछिको स्वतन्त्रता महसुस गरेकी हुन्छे र आफ्नो नयाँ यात्रा प्रारम्भ गरेकी हुन्छे भन्ने दृष्टिकोण अभिव्यक्त भएको छ । प्रस्तुत उद्धरणमा निबन्धकारले आफूले जीवनको यस मोडमा आइपुग्दा आफैंलाई बुझ्न पाएकाले आफ्नो खुसी आफैँसँग छ भन्ने ऐकान्तिक अनुभूतिलाई स्पष्ट पारेको देखिन्छ। यी दिनहरूमा आफूले संवेदनाहरूलाई अनुभूति गरिसकेकाले शान्त, प्रिय, मुक्त र स्निग्ध लागिरहेको निजी जीवनानुभूतिलाई स्पष्ट सङ्केत गरिएको छ। अन्य फरक अनुभूतिलाई तलको अर्को अंशमा यसरी देखाइएको छ :

> यहाँ त केवल तिमी थियौ सारा रहस्यमयी ज्ञानको भण्डार बनेर । अविनाशी, अजर, अमर र सांसारिक अनित्यताबाट पर सृष्टिजगत्को आत्मा बनेको तिमीलाई देखेर म सोचिरहेथेँ- युगौँअघि पनि यसैगरी तिमीसामु नतमस्तक भएर बसेका थिए होलान् आदिमानव, जसरी म अहिले बसेकी छु । यसैगरी अनुभूत गरेका हुँदाहुन् तिनले पनि सृष्टिको यो रहस्यमयी सौन्दर्यलाई । अनादिकालदेखि सम्पूर्ण चराचर जगत्का प्रेरक र सृष्टिचक्रको जिउँदोजाग्दो साक्षी तिमीलाई मैले यो स्वर्णिम साँझमा आत्मादेखि नमन गरिरहेँ । तिम्रो विराटताका अघि एउटा अणुका रूपमा उपस्थित भएर म तिम्रो व्यापकतालाई अनुभूत गरिरहेछु यतिबेला ।
>
> (समुद्रः यात्रानुभूति र आत्मानुभूति, पृ. १६६)

प्रस्तुत निबन्धांशमा समुद्रलाई दार्शनिक कोणबाट ब्रह्मविषयक चिन्तनसँग जोडेर ल्याइएको छ र यसक्रममा अजर, अमर, नित्य र अविनाशी ब्रह्म रहस्यपूर्ण रहेकाले यसलाई अनन्त गहिराइमा प्राप्त गर्न सकिन्छ भन्ने कुरा देखाइएको छ भने जीवनका गहिराइ समुद्रको गहिराइजत्तिकै रहेकाले त्यसमा नै जीवनको सार्थकता र आनन्द भेट्टाउन सकिन्छ भन्ने आफूभित्रको चिन्तन प्रस्तुत भएको छ। यस अंशमा यो भौतिक जगत् अनित्य, असत्य छ भने ब्रह्म एक, नित्य, अजर, अमर, अविनाशी, स्वयम् प्रकाशानन्द, नित्य, शुद्ध, अनन्त, पूर्ण, निर्गुण, निर्विकार, निराकार, अखण्ड रहेकाले सारा संसार रहस्यमयी ब्रह्ममा नै आश्रित छ भन्ने दार्शनिक दृष्टिकोण अभिव्यक्त भएको छ । प्रस्तुत उद्धरणमा सृष्टिको उषाकालदेखि नै निरन्तरको यात्रा भएको बताउँदै सृष्टिका आदिमानव आफू अहिले जसरी नतमस्तक भएर बसिरहेझैँ बसिरहेका थिए होलान् भन्ने निबन्धकारका आत्मानुभूति व्यक्त भएको पाइन्छ । निबन्धकारले सम्पूर्ण जगत्का साक्षी अनन्त ब्रह्माण्डमा नै आकाशमा धुलोका कण वा अणुका रूपमा उपस्थित भएर ब्रह्मको विराटतामा

नै अटाउनेहुँदा त्यसलाई आफूले अनुभूत गर्नसकेकाले यो स्वर्णिम साँझमा आत्मादेखि नै तिम्रो अर्थात् समुद्रको अव्याख्येय स्वरूपप्रति आफू नतमस्तक भएको निबन्धकारका निजी अनुभूतिलाई यहाँ स्पष्ट पारिएको छ। यसरी नै अर्के सन्दर्भको अनुभूतिलाई तलको अंशले देखाएको छ :

> वास्तवमा दुःखका कुराबाट नै पाइन्छ अथाह ज्ञान र दुःखबाट नै खोजी प्रारम्भ हुन्छ सुखमय पुग्ने बाटाहरूको। मैले कैयौँपटक अनुभूत गरेकी छु- दुःखमा महसुस हुन्छ सुखको स्पर्श। दुःखले नै टिकाउँछ मानिसलाई यथार्थको धरातलमा र दुःखले नै त सिकाउँछ जीवनको शाश्वत पाठ। दुःखका दिनहरू गुजार्दागुजार्दै हो पराइ पनि आफ्नाजस्तै लाग्ने र सुखको वास्तविक मूल्य थाहा पाउने। स्वअस्तित्वका लागि लड्न सिकाउने, आशाको सुकिलो संसारमा सपना फुलाउन सिकाउने दुःख नै त हो आदर्श गुरु। साँच्चि दुःखबिनाको संसार सम्भव छ र! अनि फेरि म किन नलेखूँ दुःखेका कुरा ?
>
> (मन दुखेको कुरा, पृ. ९६)

प्रस्तुत निबन्धांशमा दुःख नै बन्धन हो भन्ने बन्धनसम्बन्धी दार्शनिक मान्यता ल्याइएको छ र यसक्रममा दुःख नै मुक्तिको मार्ग हो भन्ने कुरा देखाइएको छ। उद्धृतांशमा निबन्धकारले आफूले कैयौँपटक दुःखको अनुभूत गरेको बताउँदै दुःखले नै मानिसलाई यथार्थको धरातलमा टेकाउने र जीवनको शाश्वत पाठ सिकाउनेहुँदा दुःखबाट छुट्कारा पाउन साधना र तपस्या आवश्यक पर्ने कुरालाई स्पष्ट पारिएको छ। यस उद्धरणमा दुःखलाई चिन्नु नै आत्मबोध हुनु हो र यस स्थितिमा पुग्दा पनि दुःख आफ्नैजस्तो लाग्ने र आनन्दको अवस्थामा सुखको वास्तविक मूल्य थाहा पाउन सकिने निबन्धकारका दार्शनिक दृष्टिकोण मुखरित भएको छ। निबन्धकारले दुःखले लड्न, सपना सजाउन सिकाउने भएकाले दुःख आफैँभित्र छ र यो मानसिक एवम् शारीरिक कारण उत्पन्न हुनेहुँदा यसको यात्रा अनिश्चित र निरन्तर छ भन्ने निबन्धकारका वैयक्तिक चिन्तन निजी अनुभूतिका रूपमा अभिव्यक्त भएको देखिन्छ।

**हृदय पक्ष र अस्तित्व पक्षको प्रबलता**

स्रष्टाको 'स्व' बढी सक्रिय हुने र अन्तर्निहीत हृदय प्रबल हुने निबन्धलाई भावात्मक निबन्ध भनिन्छ। यसमा लेखकका निजी अनुभूतिहरू स्वस्फूर्त रूपमा प्रकट भएका हुन्छन्। यस्ता निबन्धमा लेखकका निजी भावना र कल्पना अभिव्यक्त गरिएको हुन्छ र उसको अन्तर्निहित हृदय जति प्रबल र तीव्र रूपमा प्रकट हुन्छ, त्यति नै निबन्ध शक्तिशाली हुन्छ। निबन्धकारको हृदयको निश्छल आत्मप्रकाशन यस्ता निबन्धमा प्रकट भएको हुन्छ। *संवेदनाको समायोग*भित्रका निबन्धमा निबन्धकारका आफ्ना निजी भावना र कल्पनाको प्रधानता व्यक्त भएको पाइन्छ र निबन्धकारले यहाँ आफूभित्रका निजी भावना र कल्पनालाई आत्मप्रकाशन गरेकी छन्। यसको पुष्टि तलको उदाहरणबाट गर्न सकिन्छ :

> उत्पीडन र आवाजविहीन नारीहरू बोल्न सक्दैनन्। अन्यायका विरुद्धमा लड्न त धेरै टाढाको कुरा आफूले भोगेका चरम शोषणहरूलाई पनि उनीहरू व्यक्तसम्म गर्न सक्दैनन्। डराउनु, दबिनु, झुक्नु, रुनु र बाँच्नुका नाममा हरेक पल मर्नु उनीहरूको बाध्यता हो। यस्तोमा उनीहरूको पीडाले, वेदनाले, छटपटाहटले चिमोटिएर अनि उनीहरूका आँसुले भतभती पोलेर बोल्दा, लेख्दा, विरोध गर्दा केही शिक्षित र बौद्धिक नारीहरूलाई 'नारीवादी' भनेर उडाएको देख्दा अचम्म लाग्छ, किन नारीप्रति यति अनुदार र सङ्कीर्ण छ समाज? यस्ता प्रश्नबाट धेरैपटक लखेटिएकी छु म।
>
> (साँच्चि नारीवादीहरूले पुरुषको ईर्ष्या गर्छन् ?, पृ. ३९)

प्रस्तुत निबन्धांशमा नारीवादी मान्यता ल्याइएको छ र यसक्रममा बौद्धिक र चेतनशील नारीले परिवार, समाज र देशको संवाहक बनेर सम्मान, सहअस्तित्व, आत्मगौरवपूर्ण जीवन बाँच्न पाउनुपर्ने तर समाजमा नारीवादी भएर बाँच्न कठिन भएको निबन्धकारको आफूभित्रका नारीवादी दृष्टिकोण र अनुभूति प्रस्तुत भएको छ। यहाँ नारीले पनि निर्बाध रूपमा फुल्ने, फल्ने र भाङ्गिने अवसर पाउनुपर्छ भन्ने आवाज उठाउने बौद्धिक एवम् शिक्षित नारीलाई समाजले नारीवादी भनेर उडाएको देख्दा आफू अचम्मित भएको निबन्धकारका निजी अनुभूति व्यक्त भएका छन्। निबन्धकारले निबन्धांशमा नारीस्वतन्त्रता, सहअस्तित्व, समानता, हक र अधिकार प्राप्तिका लागि आवाज उठाउँदा नारीप्रति समाज अनुदार सङ्कीर्ण बनेकोले आफू धेरैपटक लखेटिएको निबन्धकारका वैयक्तिक अनुभूति एवम् भावनालाई स्पष्ट सङ्केत गरिएको छ। यसरी नै यस कुरालाई तलको अंशले देखाएको छ :

> म हरेक सम्भावनाहरूमा पुग्न चाहन्छु। म हरेक चुनौतीहरूलाई स्वीकार गरिदिन्छु। आखिर यो जिन्दगी पनि त एउटा बाजी नै त हो। यो बाजी जित्नैपर्छ भन्ने पो के छ र! हारेर पनि त खुसी हुन सक्छु, नयाँ अनुभूति कमाउन सकिन्छ!
>
> (शान्ति नै सबै कुरा पनि त होइन रहेछ, पृ. ९४)

प्रस्तुत निबन्धांशमा अस्तित्वविषयक मान्यता ल्याइएको छ र सङ्कुचित सोच लिएर बन्दीगृहमा आफू अटाउन नसक्नेहुँदा अनेकौँ सम्भावना र चुनौती स्वीकार्य भएको निबन्धकारको निजी अनुभूति अभिव्यक्त भएको छ। यहाँ आत्माबाट प्राप्त ज्ञानले नै जीवनका रहस्यमयी गन्तव्यलाई भेट्टाउन सकिनेहुँदा आत्माको अनन्त गहिराइलाई प्राप्त गर्न जीवनका घुम्ती र मोडहरू छिचोल्नुपर्दछ एवम् 'म'को रहस्य बुझ्नुपर्दछ भन्ने आत्मचिन्तन प्रकट भएको छ। यस अंशमा रहस्य सदैव गर्भमा हुनेहुनाले ज्ञानद्वारा नै आध्यात्मिक संसार प्राप्त भई आनन्द प्राप्त गर्न सकिन्छ त्यो भनेको आफैँभित्र छ भन्ने चिन्तन प्रस्तुत भएको छ। उद्धृतांशमा आफूले आफूभित्र आफूलाई जान्न, बुझ्न पाउनु नै आत्मसाक्षात्कार भएकोले यो नै जीवनको परम सुख वा खुसी हो भन्ने निबन्धकारको दृष्टिकोण अभिव्यक्त भएको छ। यहाँ निबन्धकारका गहन अनुभूति र अन्तर्निहीत हृदयको निश्छल आत्मप्रकाशन भएको छ। यसरी नै अस्तित्व चेतनाका कुरालाई तलको अंशले पनि देखाएको छ :

> मलाई पनि लाग्छ नि, कहिलेकाहीँ फुक्काफाल भएर कुनै बिरानो ठाउँमा निर्धक्कसँग हिडूँ। आफ्नो मनको कुरामात्र सुनूँ। स्वच्छन्द गीत, गाऊँ। मन लागेजति चिच्याऊँ। अनि आफैँसँग साउती मारूँ। आँखाभरि परपर क्षितिजलाई हेरेर मुस्काऊँ।
>
> (एउटा फरक सत्यसँग साक्षात्कार, पृ. ११६)

प्रस्तुत निबन्धांशमा कृत्रिमताभन्दा यथार्थमा रमाउन चाहेको निबन्धकारको दृष्टिकोण प्रस्तुत भएको छ। यस अंशमा प्रकृतिले र परिस्थितिले सम्पूर्ण कुरा सिकाउने हुँदा त्यसमा यथार्थको गहिराइ प्राप्त गर्न सकिन्छ त्यसैले आफू स्वतन्त्र भएर एकान्तमा निर्धक्कसँग हिँड्न मन लागेको निबन्धकारको आफूभित्रको हृदय पक्ष प्रकट भएको छ। प्रस्तुत उद्धरणमा आत्मा नै सम्पूर्ण विषयको ज्ञाता भएको हुँदा आत्माबाट निसृत कुरा मात्र सुन्न चाहेको, स्वच्छन्द गीत गाउन मन लागेको धारणा प्रस्तुत भएको छ। निबन्धकारले आफूभित्रका संवेदनालाई चिच्याउन र साउती गर्न तथा अदृश्य क्षितिजलाई प्राप्त गर्न चाहेको बताउँदै त्यो आफैँभित्र भएकाले बाहिरी संसारमा नभई अनुभवद्वारा अनुभूति गर्न मन लागेको आत्मचिन्तनलाई स्पष्ट सङ्केत गरिएको छ। यसरी नै हार्दिक अनुभूतिका कुरालाई तलको अंशले पनि देखाएको छ :

> मेरो विचारमा पढ्नका लागि अझै धेरै ध्यानस्थ हुनुपर्छ । पढ्नु भनेको त अरू कसैका अनुभूति, विचार, भावना र मान्यतालाई त्यही गहिराइमा पुगेर अनुभूति गर्नु हो । त्यही सत्यसँग एकाकार हुनु हो र साक्षात्कार गर्नु पनि हो । त्यसैले पढ्नु चानचुने कुरा हुँदैहोइन मेरा लागि । त्यसैले मलाई लेखपढ गर्नका लागि कम्तीमा पनि स्थिर मन, स्निग्ध वातावरण र एकान्त परिवेश चाहिन्छ ।
>
> (पठन एक आत्मिक यात्रा, पृ. १९१)

प्रस्तुत निबन्धांशमा कुनै पनि साहित्यिक कृति पढ्नु भनेको एउटा फरक दृष्टिकोण निर्माण गर्नु, क्षमता अभिवृद्धि गर्नु, स्तर निर्धारण गर्नु एवम् औचित्य पुष्टि गर्नु हो भन्ने दृष्टिकोण अभिव्यक्त भएको छ । यस अंशमा निबन्धकारले पढ्नका लागि कुनै पनि कृतिमा एकाग्र चिन्तन हुनु आवश्यक रहेको बताउँदै पढ्नु भनेको लेखकका अनुभूति, विचार, भावना र मान्यतालाई अनन्त गहिराइमा पुगेर अनुभूति गर्नु हो भन्ने कुरालाई स्पष्ट पारिएको छ । उद्धृतांशमा पढ्नु भनेको विचारसँग एकाकार हुनु हो, त्यसले कुनै पनि पाठक र लेखकका बीच सेतुको काम गरेको हुन्छ भन्ने निबन्धकारको दृष्टिकोण प्रस्तुत भएको छ । प्रस्तुत उद्धरणमा पढ्नु असाधारण कार्य भएको हुँदा कृतिको गहन पठनका लागि स्थिर मन, स्निग्ध वातावरण, एकान्त परिवेश अपरिहार्य हुन्छ भन्ने निबन्धकारको हार्दिक दृष्टिकोण व्यक्त भएको पाइन्छ ।

**निजात्मकताभित्र अनुभूतिपरकता**

व्यक्तिका निजी आत्मप्रकटीकरण रहेका भावात्मक अभिव्यक्ति हुने निबन्ध वैयक्तिक निबन्ध हुन् । यसमा लेखकको वैयक्तिक अनुभव केन्द्रमा रहेको हुन्छ । यसमा लेखकको नितान्त वैयक्तिक अनुभूति, हर्ष, विचार, सुख-दुःख, आदि संवेगहरूको आत्मप्रकटीकरण हुनुका साथै वैयक्तिक जीवनका आशा-निराशा, भाव-अभाव आदि स्वानुभूतिको आत्मप्रकाशन पनि हुन्छ । यस्ता निबन्धमा निबन्धकारका वैयक्तिक अनुभूति आत्मकथाका रूपमा प्रस्फुटित भएका हुन्छन् । *संवेदनाको समायोग*भित्रका निबन्धमा निबन्धकारले आफ्ना निजी भावनालाई अत्यन्त स्पष्ट रूपमा व्यक्त गरेकी छन् । निबन्धमा लेखकले नितान्त वैयक्तिक जीवनका निजी भोगाइहरूलाई कथाकारले कथामा भनेझैँ आख्यानकै शैलीमा निश्छलतापूर्वक प्रकट गरेकी छन् । यसको पुष्टि तलका उदाहरणबाट गर्न सकिन्छ :

> स्वतन्त्रतापूर्वक बाँच्न चाहने, आफ्ना चाहनालाई पूरा गर्न खोज्ने र जोखिम मोलेरै भए पनि सक्रिय हुन खोज्ने नारीले तुलनात्मक रूपमा बढी प्रतिकूल र चुनौतीहरूको सामना हरबखत गर्नुपर्नेरहेछ । केटाकेटी तथा घरका बडाबुज्रुकका अगाडि ल्यापटप समातेर बस्नु वा टेबुलमा लेख्न बस्नु त झन् कुनै ठूलै अपराध गरेजस्तो अनुभूति हुन्छ । सायद यो मैले सिकेको संस्कारको परिणति हो । यस्तो संस्कार पालेर बस्नुमा गर्वबोध गर्ने कि, हीनताबोध गर्ने हो कहिलेकाहीँ म आफैँमा दुविधामा पर्नेगर्छु ।
>
> (नारीलेखनका चुनौती, पृ. ३४)

प्रस्तुत निबन्धांशमा परम्परागत सोचाइ र चुनौतीका बीच नारीलाई समालोचक बन्न कति कठिन छ भन्ने कुरा देखाइएको छ । यहाँ नारीस्रष्टालाई समाजमा चुनौती रहेकाले स्वतन्त्रतापूर्वक समालोचक बन्न कठिन भएको उल्लेख गर्दै स्वतन्त्रतापूर्वक बाँच्न, आफ्ना चाहनालाई पूरा गर्न र जोखिम मोलेरै भए पनि सक्रिय हुन खोज्ने नारीलाई तुलनात्मक रूपमा प्रतिकूल परिस्थिति र चुनौतीहरूको डटेर सामना गर्नुपर्ने निबन्धकारका वैचारिक

दृष्टिकोण प्रस्तुत भएका छन् । यस अंशमा परम्परागत आदर्श नारी भएर नयाँ दृष्टिकोण एवम् चिन्तन निर्माण गर्न नसकिने हुँदा अध्ययनका लागि कठिनाइ हुने र त्यसमाथि पनि पारिवारिक सदस्य र दायित्वबोधका कारण टेबुलमा बस्नु आफूलाई अपराधबोधको अनुभूति हुनेगरेको निबन्धकारको चिन्तन अभिव्यक्त भएको पाइन्छ। यस उद्धरणमा परम्परागत बन्धनलाई नचुँडाएसम्म निर्बाधरूपमा निरपेक्ष भएर सफलता प्राप्त गर्न सकिँदैन भन्ने यथार्थपरक भाव वा अनुभूतिलाई स्पष्ट सङ्केत गरिएको छ। यसरी नै यस्तै भाव वा विचारलाई तलको अंशमा पनि देखाइएको छ :

> पराधीनता तथा बन्धन यी दुवै गतिशील जीवनका बाधक हुन् । यसले जोकोहीलाई कमजोर बनाउँछ। दिशाहीन बनाउँछ। पराधीनताले डर, भय, क्रोध, उत्पन्न गराई जीवनलाई विषाक्त बनाउँछ भने बन्धनले मायामोहको जालमा जकेडेर राख्छ। त्यसैले यी दुवैबाट मुक्त आत्माको स्वच्छन्द उडानलाई नै जीवनको सौन्दर्य भन्न रुचाउँछु म।

(स्वतन्त्रता र जीवन, पृ. ८३)

प्रस्तुत निबन्धांशमा परतन्त्रताको दुःख नै बन्धन हो भन्ने मान्यताका साथ पराधीनता तथा बन्धन नै स्वतन्त्रताको बाधक भएको कुरा देखाइएको छ। यहाँ व्यक्तिगत स्वार्थभन्दा माथि उठेर स्वविवेक र स्वनिर्णयद्वारा स्वतन्त्रतापूर्वक बाँच्न पाउनुपर्छ भन्ने निबन्धकारका वैयक्तिक अनुभूति प्रस्तुत भएको छ। यस अंशमा पराधीन हुनु भनेको गतिहीन हुनु हो र यसले जोकोहीलाई दिशाहीन र कमजोर बनाउँछ र स्वनिर्णय, स्वक्षमतामा बाधा उत्पन्न गराउँछ भन्ने भाव अभिव्यक्त भएको छ। उद्धृतांशमा डर, त्रास, भय, क्रोध आदि मानसिक दुःख नै बन्धनको जालो हो र यो आफ्नै मन र शरीरबाट उत्पन्न हुने हुँदा जीवनलाई विषाक्त एवम् बन्धनमा पारिरहन्छ भन्ने निबन्धकारका बन्धनसम्बन्धी मान्यतालाई स्पष्ट पारिएको छ। यस निबन्धांशमा यी पराधीन तथा बन्धनबाट मुक्त भए मात्र आत्माको पहिचान गर्न सकिने हुँदा जीवन सुन्दर र सार्थक हुन्छ र यसलाई निबन्धकारले सौन्दर्य भन्न रुचाएको विचार वा भाव अभिव्यक्त भएको छ। यस्तै निजात्मक भावलाई तलको अंशले पनि देखाएको छ :

> संस्कार र अनुशासनका नाममा जबर्जस्ती भएको उसमाथिको अन्यायले मलाई दिनभरि नै सोचमग्न बनाइरह्यो। राजघाटको शान्त परिसरमा जाँदा होस् या इन्डिया गेटको सैनिक परेडमा हेर्दा होस् मैले यी सबै दृश्यका केन्द्रमा उसैलाई मात्र देखेँ। र, यात्राको अनुभूति लेख्छु भन्दाभन्दै उसको जीवनकथा लेख्न पुगेछु।

(यात्रामा कथा मिसाएपछि, पृ. १८८)

प्रस्तुत निबन्धांशमा अनावश्यक बन्धनमा राख्दा आफ्नै सन्तान कसरी आफैँबाट विमुख हुन्छन् भन्ने वैयक्तिक अनुभूतिको प्रकटीकरण भएको छ। यस अंशमा राजघाटजस्तो शान्त परिवेश होस् वा कुतुबमिनारको भग्नावशेष र इन्डिया गेटको सैनिक परेड देख्दासमेत आफूलाई उसका अन्यायले सोच्न बाध्य बनाएको विचार व्यक्त भएको छ। आफ्ना सन्तानप्रतिको उचित व्यवहार एवम् मानवीय संवेदना नहुनु, आत्मीयताको अभाव हुनुले ऊप्रतिको दृष्टिकोण नै मेरा अनुभूति नभएर जीवनकथा बन्न पुगेको र कतै आफूले पनि आफ्ना सन्तानलाई अन्जानमा त्यस्तै गरेकी त छैन भन्ने निबन्धकारका निजी भाव वा वैचारिक दृष्टिकोण यहाँ अभिव्यक्त भएको छ।

*संवेदनाको समायोग*भित्रका यी आत्मपरक निबन्धमा विविध अन्तर्वस्तुका माध्यमबाट निबन्धकारका वैयक्तिक चिन्तन गम्भीर रूपमा अभिव्यक्त भएको पाइन्छ । यहाँ नारीवादी चिन्तन, समाजमा नारीको स्थान र भूमिका

एवम् चुनौतीलाई सूक्ष्म ढङ्गले व्याख्या एवम् विश्लेषण गरी समयसापेक्ष परिवर्तनको चाहना आदि प्रवृत्ति पनि प्रकटीकरण भएको पाइन्छ भने राष्ट्र, राष्ट्रियता, आत्मिक शान्ति, प्रकृतिचित्रण, कृति, कृतिकार, पठनसंस्कृति एवम् साहित्यकारको योगदान, नारीसमालोचनाका चुनौती पनि निबन्धका अन्तर्वस्तु बनेर प्रस्तुत भएका छन् । यहाँ आदिम सभ्यता, परम्परागत मूल्य, मान्यता, संस्कार, पौराणिक वैदिक प्रसङ्ग, मानवसभ्यता, लोकविश्वास पनि निबन्धकारका अर्को मूल प्रवृत्ति बनेर आएको देखिन्छ र यसबाट निबन्धकारका दृष्टिकोण, वैयक्तिकताको फराकिलो आयाम र अनुभूति कलात्मक ढङ्गले आत्मप्रकटीकरण भएको पाइन्छ ।

**निष्कर्ष**

नेपाली निबन्धको उत्तरवर्ती चरणका विभिन्न निबन्धकारमध्ये ज्ञानु अधिकारी पृथक् शैलीकी निबन्धकारका रूपमा चिनिएकी छन् र उनको *संवेदनाको समायोग*भित्रका विशुद्ध निजात्मक निबन्ध अन्तर्वस्तु र शैली दुवै दृष्टिले गहन र विविधतामय छन् । यस सङ्ग्रहका निबन्ध विविध अन्तर्वस्तुमा विचार एवम् भावको गतिशीलता रहेको पाइन्छ । विविध खण्डलाई बुझ्न प्रत्येक खण्डका शीर्षक दिएर विषयवस्तुको गहन, सूक्ष्म ढङ्गले सामान्य पृष्ठभूमि दिनुले पनि निबन्धलाई प्रवाहमय एवम् गतिशील तुल्याएका छन् । *संवेदनाको समायोग* विशुद्ध आत्मपरक निबन्धको सङ्ग्रह भए पनि निबन्धकारका व्यक्तित्वमा समालोचकीय व्यक्तित्वको प्रभाव परेको देखिन्छ । *संवेदनाको समायोग*भित्रका निबन्धमा उपर्युक्त विषयका अतिरिक्त युगीन यथार्थको आत्मप्रकटीकरण पनि वैयक्तिक अनुभूतिका रूपमा विविध अन्तर्वस्तु बनेर आएको पाइन्छ । यसै सन्दर्भसँग गाँसिएर यहाँ सामाजिक, सांस्कृतिक, साहित्यिक, पारिवारिक चिन्तन एवम् सोचाइ, धर्म, दर्शन, इतिहासबोध, विश्वबोध, भूगोल, भौगोलिक परिवेशजस्ता प्रवृत्ति पनि निबन्धकारको आत्मप्रकटीकरण बनेर आएका छन् । निबन्धकारका वैचारिक चिन्तन र चेतनाअनुरूप भूगोल, स्थानीयता, संस्कृति, इतिहास, यात्रा, शिक्षा, शैक्षिक केन्द्र, जीवनशैलीलाई निजात्मकता, वैयक्तिकता, वैचारिकता, विशेषता व्यक्त भएका छन् । *संवेदनाको समायोग* भित्रका निबन्धमा कतिपय निबन्ध खँदिला र कतिपय उच्च कलात्मक मूल्यका रहेका छन् । के म सफल आमा बन्न सकेँ ?, सौन्दर्यबोध, मन दुखेको कुरा, समुद्र : यात्रानुभूति र आत्मानुभूति, टिस्टा नदी मात्र होइन रहेछ, तिम्रो प्रेमका नाममा, आफैँलाई भेटेपछि आदि निबन्ध बढी उल्लेखनीय रहेका छन् । यस सङ्ग्रहका निबन्धहरू परम्परागत कृतिगत ढाँचाभन्दा पृथक् रूपमा निबन्धकारका आफ्ना निजी अनुभूतिको प्रस्तुति, विषयगत विविधता, अन्तर्वस्तु र नवीन प्रस्तुतिगत शैलीको प्रयोगका कारण निबन्धको ऐतिहासिक एवम् उच्च कलात्मक मूल्य स्थापित गर्न सफल रहेको देखिन्छ । *संवेदनाको समायोग*भित्रका निबन्धमा निबन्धकारका निजी जीवनका अनुभव र अनुभूतिलाई विविध खण्डलाई बुझ्न प्रत्येक खण्डका शीर्षकमा सूक्ष्म ढङ्गले सामान्य पृष्ठभूमि दिनुले पनि निबन्ध प्रवाहमय एवम् गतिशील देखिन्छन् । यो निबन्धकृति निजात्मक निबन्धको मानक कृति हो र यसमा वैयक्तिकता, वैचारिकता, संस्मरणात्मकता, स्मृतिबिम्बको प्रयोग, भावना एवम् कल्पना, अनुभूतिको प्रकटीकरण पाइन्छ । यहाँ आख्यानात्मक शैली, अनुभूतिको आत्मप्रस्फुटन, हार्दिकता, अनुभूतिपरकता आदिको सन्दर्भ अभिव्यक्त छ । गद्यमा पनि बिम्बको प्रयोग र पाठकलाई तान्ने शैली *संवेदनाको समायोग* भित्रका निबन्धका मूल विशेषता हुन् । समग्रमा भन्नुपर्दा निजात्मकता निबन्धका विविध शैलीमध्ये एउटा शैली हो । यसमा निजत्व रहेको हुन्छ । यसमा निबन्धकारका निजी वैयक्तिक अनुभूति र अनुभवबाट अभिप्रेरित रहेको प्रष्टै देखिन्छ । यसै निजी अनुभूतिबाट निबन्ध प्रभावित छ भन्ने कुरा उपर्युक्त अध्ययनबाट स्पष्ट हुन्छ ।

**सन्दर्भ सामग्रसूची**


अधिकारी, ज्ञानु (२०८०), *संवेदनाको समायोग,* काठमाडौँ : शिखा बुक्स ।

ओझा, रामनाथ (२०६४), *शङ्कर लामिछानेको निबन्धकारिता,* काठमाडौँ : पालुवा प्रकाशन प्रा. लि. ।

गौतम, लक्ष्मणप्रसाद, (२०७६), 'निबन्धका प्रकार', *रत्न बृहत् नेपाली समालोचना,* (दोस्रो संस्क.), सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, काठमाडौँ : रत्नपुस्तक भण्डार ।

त्रिपाठी, वासुदेव, (२०६६), *साहित्य सिद्धान्त : शोध तथा सिर्जना विधि,* काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।

थापा, हिमांशु (२०४७), *साहित्य परिचय,* काठमाडौँ : ललितपुर : साझा प्रकाशन ।

बराल, ईश्वर र अन्य (सम्पा.), (२०५५), *नेपाली साहित्यकोश,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज, (२०५५), *समकालीन समालोचना : सिद्धान्त र प्रयोग,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सुवेदी, राजेन्द्र (२०४९), *केही समीक्षण केही विश्लेषण,* ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र, (सम्पा.), (२०५०), *स्नातकोत्तर नेपाली निबन्ध,* काठमाडौँ : पाठ्यसामग्री पसल ।

सुवेदी, राजेन्द्र (२०७६), 'संस्मरण सिद्धान्त', *रत्न बृहत् नेपाली समालोचना,* (दोस्रो संस्क.), सम्पादक राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, काठमाडौँ : रत्नपुस्तक भण्डार ।